# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम, नेपाल,असार१६गते,२०७९साल(अतिरिक्ताङ्क०४(क)

भाग २

## मधेश प्रदेश सरकार

## गृह तथा सञ्चार मन्त्रालय

## मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि २०७९

**प्रस्तावना:** मधेश प्रदेश अन्तर्गत पर्ने सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लालाई कार्यक्षेत्र बनाएर आमसञ्चारमाध्यमहरुमा कार्यरत पत्रकारहरुको स्वास्थ्य सुविधालाई

ध्यानमा राखि मधेश प्रदेश सरकारले स्वास्थ्य बीमा र दुर्घटना बीमा गर्ने रणनीति लिएको छ। उक्त रणनीतिलाई मूर्त रुप दिन आमसञ्चार प्राधिकरणले पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा गर्नका लागि प्रदेश सञ्चार सम्बन्धी ऐन-२०७७ को दफा ७१ तथा प्रदेश सञ्चार नियमावली, २०७७ को नियम ३८ बमोजिम मधेश प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## प्रारम्भिकः

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी कार्यविधि-२०७९ रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) संयोजक' भन्नाले दफा ५ बमोजिमको समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ख) सदस्य भन्नाले दफा ५ बमोजिमको समितिको सदस्यलाई सम्झनुपर्छ ।

(ग) स्वास्थ्य बीमा' भन्नाले मधेश प्रदेशका पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा सम्झनु पर्छ ।

(घ) बिमित निकाय' भन्नाले आमसञ्चार प्राधिकरण मधेश प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) बिमक' भन्नाले मधेश प्रदेशका पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा गर्ने कम्पनी वा संस्थानलाई सम्झनु पर्छ ।

(च) बिमित' भन्नाले बीमा गराएका मधेश प्रदेशका पत्रकारहरुलाई सम्झनु पर्छ ।

(छ) मन्त्रालय' भन्नाले मधेश प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालय जनकपुरधामलाई सम्झनु पर्छ ।

(ज) प्राधिकरण' भन्नाले आमसञ्चार प्राधिकरण मधेश प्रदेश जनकपुरधामलाई सम्झनु पर्छ ।

(झ) अध्यक्ष' भन्नाले आमसञ्चार प्राधिकरणका अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) पत्रकार' भन्नाले मधेश प्रदेश अन्तर्गतका जिल्लालाई कार्यक्षेत्र बनाई कुनै पनि आमसञ्चारमाध्यम अन्तर्गत पत्रपत्रिका, रेडियो एफ.एम., टेलिभिजन,समाचारमूलक अनलाइन सहितका सञ्चार माध्यममा सम्पादन, समाचार लेखन एवम् संकलन तथा उत्पादन कार्यमा संलग्न सम्पादकहरु, समाचारदाताहरु, समाचारवाचकहरु, फोटो पत्रकारहरु, क्यामेराम्यानहरु र प्राविधिक सम्बन्धी कार्यमा संलग्न सम्पूर्ण सञ्चारकर्मीहरुलाई पत्रकार सम्झनु पर्छ ।

३. <u>स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी व्यवस्थाः</u> स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) मधेश प्रदेशका पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा कार्यक्रममा आवद्ध हुन मधेश प्रदेशका जुनसुकै जिल्ला वा क्षेत्रमा रही नियमानुसार दर्ता भई सञ्चालनमा रहेका पत्रपत्रिका, रेडियो एफ.एम., टेलिभिजन, अनलाइन वा अन्य समाचारमूलक डिजिटल सञ्चारमाध्यममा मधेश प्रदेशभित्र कार्यरत रही

समाचारजन्य कार्यमा संलग्न पत्रकारले लाभ लिन पाउनेछ ।

(ख) नेपाली नागरिकता वा राष्ट्रिय परिचय-पत्र प्राप्त गरी मधेश प्रदेशका जिल्लाहरुमा रही पत्रकारिता गरिरहेका पत्रकारहरुले सम्बन्धीत सञ्चारमाध्यमबाट परिचयपत्र प्राप्त गरेका पत्रकारहरुले बीमा कार्यक्रमको लाभ लिन पाउने छन् ।

(ग) पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघका ८ वटै जिल्लाका शाखाहरु वा प्रदेश समितिबाट सिफारिस भइ आएका संचारकर्मीहरुलाई समेत बिमा कार्यक्रममा सहभागी गराउन सक्नेछ ।

(घ) प्राधिकरणले एकमुष्ठ रुपमा बीमा कार्यक्रममा सहभागी हुने पत्रकारहरुको तर्फबाट बीमा कम्पनी वा संस्थानसँग सम्झौता भएपछि बीमा कार्यक्रम लागु भएको मानिने छ ।

(ङ) बीमा कार्यक्रममा समावेश भएका पत्रकारहरुले बीमा दावीको निवेदन सहित आवश्यक कागजात पेश गरिसकेपछि निवेदकले पाउनुपर्ने सम्पूर्ण सेवा सुविधा सम्बन्धित बीमा कम्पनीले ३५ दिनभित्र उपलब्ध गराउनुपर्ने छ ।

(च) पत्रकारहरुको स्वास्थ्य बीमा र दुर्घटना बीमाका लागि सम्बन्धित सरकारी बीमा कम्पनीलाई तिर्नुपर्ने बीमा शुल्क (प्रिमियम) मधेश सरकारको तर्फबाट स्वीकृत बजेटको परिधीभित्र रही आमसञ्चार प्राधिकरणले तिर्नुपर्ने छ ।

(छ) बीमा दावी गर्नुपर्ने अवस्था आएमा वा अन्य कुनै समस्या भएमा प्राधिकरणले पीडित व्यक्ति वा पीडित परिवारलाई सहजिकरण एवम् समन्वय गर्नुपर्ने छ ।

(ज) पीडित पत्रकार वा पीडित परिवारको तर्फबाट हकवालाले नेपाल सरकारको मापदण्ड अनुसार स्वास्थ्य र दुर्घटना बीमा वापतको पाउनुपर्ने भुक्तानी सम्बन्धित बीमा कम्पनीले ३५ दिनभित्र उपलब्ध गराउनुपर्ने छ ।

(झ) बीमा कार्यक्रमलाई निरन्तरता दिन प्राधिकरणले बीमाका लागि प्रत्येक वर्ष समयसिमाभित्रै सम्बन्धित बीमा कम्पनीलाई स्वीकृत बजेटको परिधीभित्र रही बिमित पत्रकारहरुको एकमुष्ठ नविकरण गराउनुपर्नेछ ।

(ञ) समितिमा सदस्य रहेका सम्बन्धित संस्थाका अध्यक्षको स्थानमा प्रतिनिधि पठाउन चाहेमा प्राधिकरणका अध्यक्ष समक्ष औपचारिक रुपमा आधिकारिक पत्र पठाउनुपर्ने छ ।

(ट) बीमा सम्बन्धी सेवा सुविधा एवम् शर्त तथा व्यवस्था प्राधिकरण र सम्बन्धित बीमा कम्पनी बीच भएको सम्झौता बमोजिम हुने छ ।

(ठ) पत्रकारहरुको वार्षिक बढीमा एक लाख सम्मको स्वास्थ्य विमा र सात लाखसम्मको दुर्घटना विमा गरिनेछ ।

४. <u>स्वास्थ्य र दुर्घटना बीमा कार्यक्रममा सहभागी हुन आवश्यक शर्तः</u>

(क) मधेश प्रदेश सरकारको प्राधिकरणबाट जारी गरीने प्रेस प्रतिनिधी परिचयपत्र प्राप्त गरेको हुनुपर्नेछ तर प्राधिकरणबाट परिचयपत्र प्राप्त नभएसम्मको लागि नेपाल पत्रकार महासंघको सिफारिस वा कार्यरत रहेको संचारमाध्यमबाट सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ख) पत्रकारिता क्षेत्रमा कार्य गर्ने क्रममा दुर्घटनामा परेको भनी सम्बन्धीत संचारमाध्यमको सिफारिस वा नेपाल पत्रकार महासंघको सिफारिस पत्र ।

(ग) कम्तीमा ३ बर्षदेखि निरन्तर रुपमा हालसम्म पत्रकारिता गरेको हुनुपर्नेछ।

५. <u>मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा व्यवस्थापन समितिः</u> (१) पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्न तपसिल बमोजिम मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा व्यवस्थापन समिति रहनेछ।

(क) आमसञ्चार प्राधिकरणका अध्यक्षले तोकेको प्राधिकरणको सदस्य- संयोजक

(ख) मिडिया काउन्सिलका अध्यक्ष वा निजले तोकेका मिडिया काउन्सिलका सदस्य - सदस्य

(ग) नेपाल पत्रकार महासंघ, मधेश प्रदेशका अध्यक्ष वा निजले तोकेको व्यक्ति - सदस्य

(घ) कानून अधिकृत, गृह तथा संचार मन्त्रालय मधेश प्रदेश - सदस्य

(ङ) मधेश प्रदेशका रेडियो एफ.एम र टेलिभिजनहरुको संगठनहरु मध्येबाट एक जना - सदस्य

(च) आमसञ्चार माध्यममा कार्यरत महिला पत्रकारहरु मध्येबाट प्राधिकरणले तोकेको एक जना - सदस्य

(छ) प्राधिकरणका प्रशासकीय प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा बढीमा तीन जना सम्बन्धित क्षेत्रका विज्ञ वा अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी आवश्यक कार्यहरु गर्नेछन् ।

(ख) बीमा कार्यक्रममा सहभागी हुन पत्रकारहरुको आवश्यक प्रक्रिया एवम् प्रमाण सम्बन्धी आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने गराउने छ ।

(ग) बीमा सम्बन्धी कुनै पनि समस्या आएमा बैठकबाट समाधान गर्ने गराउने छ ।

(घ) बीमा भएका पत्रकारहरुको आवश्यक सेवा सुविधा तथा छुट हुन गएका पत्रकारहरुलाई सहभागी गराउन आमसञ्चार प्राधिकरणका पदाधिकारी तथा प्रशासकीय प्रमुखसँग समन्वय गर्ने गराउनेछ ।

(ङ) प्रेस प्रतिनिधि परिचयपत्र लागु गराउन आवश्यक सहयोग गरी बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।

७ <u>बैठक सम्बन्धी व्यवस्थाः</u> (१) समितिको बैठक सम्बन्धी देहाय बमोजिम हुनेछ।

(क) समितिको बैठक आवश्यक भएमा समितिका संयोजकलाई सदस्य सचिवले जानकारी गराउनु पर्नेछ।

(ख) समितिको बैठक बस्नुपर्ने भएमा कम्तिमा तीन दिन अगाडि समितिका सदस्य सचिवले समितिमा रहेका सदस्यहरुलाई जानकारी गराउनुपर्ने छ ।

(ग) बैठक खर्च लगायत आवश्यक व्यवस्थापन आम सञ्चार प्राधिकरणले गर्नुपर्ने छ ।

(घ) समितिको बैठकको लागि बहुमत सदस्य अर्थात ५१ प्रतिशत उपस्थितिलाई गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(ङ) समितिको संयोजकले बैठकको अध्यक्षता गर्ने छ । उक्त पद रिक्त रहेको खण्डमा वा निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(च) बहुमतको निर्णय समितिको निर्णय हुने छ । बैठकमा बहुमत कायम हुन नसकेमा वा मत बराबर भएमा समितिको संयोजकले निर्णयात्मक मत दिई विवादको अन्तिम किनारा लगाउने छ ।

(छ) समितिको निर्णयबारे विभागीय मन्त्रालय तथा प्राधिकरण लगायत सरोकारवाला निकायलाई जानकारी गराउने कार्य समितिका सदस्य सचिवले गर्नुपर्नेछ ।

८ **कार्यविधिमा संशोधनः** मधेश प्रदेश सरकारले आवश्यकतानुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आई परेमा प्राधिकरणको सिफारिसमा विभागीय मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

आज्ञाले
रामकुमार महतो
प्रदेश सचिव
गृह तथा सञ्चार मन्त्रालय